PRABHU BANK

### गोरखा शाखा कार्यालय सञ्चालन सम्बन्धी प्रेस विज्ञप्ती :

आज मिति २०७१ फाल्गुण १७ गते आईतबारका दिन नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक, पवक्ता एवं बैंकिङ्गविद् श्री भाष्करमणि ज्ञवालीज्यूबाट गोरखा जिल्ला पृथ्वीनारायण नगरपालिका वडा नं. १ स्थित बैंकको नयाँ शाखा कार्यालयको समुद्घाटन सु-सम्पन्न भयो । बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई धादिङ्गबेसीमा रहेको शाखा कार्यालयको (साविक प्रभु विकास बैंक लिमिटेडको शाखा कार्यालय) सट्टा गोरखाको पृथ्वीनारायण नगरपालिकामा बैंकको नयाँ शाखा कार्यालय सञ्चालनमा ल्याउन लागेको हो । साविक धादिङ्गबेसी शाखा कार्यालयका ग्राहक महानुभावहरुको सुविधालाई मध्येनजर गर्दै साविकमा उक्त शाखा कार्यालयबाट सञ्चालित सम्पूर्ण कारोबार धादिङ्गबेसीमै रहेको बैंकको अर्को शाखा कार्यालय (साविक किष्ट बैंक लिमिटेडको शाखा कार्यालय) बाट यथावत् रुपमा सञ्चालन हुने व्यवस्था मिलाईएको छ ।

साविक किष्ट बैंक लिमिटेड, प्रभु विकास बैंक लिमिटेड, गौरीशंकर डेभलपमेण्ट बैंक लिमिटेड र जेनिथ फाइनान्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने क्रममा काठमाण्डौ उपत्यकाभित्र ५ र काठमाण्डौ उपत्यका बाहिर १९ गरी जम्मा २४ स्थानमा बैंकका शाखा कार्यालयहरु दोहोरिन गएका थिए । यसरी दोहोरिन गएका शाखा कार्यालयहरुको कारोबार नजिकमा रहेका बैंकका अन्य शाखा कार्यालयहरुबाट सञ्चालन हुने व्यवस्था मिलाई केन्द्रीय बैंकको स्वीकृतिमा बैंकका एकै स्थानमा दोहोरिन गएका शाखा कार्यालयहरु क्रमशः स्थानान्तरण गर्दै जाने बैंकको योजना बमोजिम बैंकले यस अघि काठमाण्डौंस्थित सुन्धारा, बागदरबारमा नयाँ शाखा सञ्चालनमा ल्याईसकेको छ ।

धन्यवाद !

मिति २०७१/११/१७ गते